# जिल्ला समन्वय समितिको कार्यालय

## काठमाडौं ।

☎ ०१-४२५४१०४
०१-४२५४१०६
०१-४२५४६८७
Fax: ४२५३९९६

बबरमहल, काठमाडौं
३ नं. प्रदेश, नेपाल ।


पत्र संख्या :- २०७३/०७४
चलानी नं.:- ८६३

मिति :.२०७४/०७/२३.........

**विषय:** समन्वय बैठकको निर्णय पठाइएको सम्बन्धमा ।

श्री प्रमुखज्यू,
काठमाडौं महानगरपालिका
शंखरापुर/कागेश्वरी मनहरा/गोकर्णेश्वर/बूढानीलकण्ठ/टोखा/तारकेश्वर/नागार्जुन/चन्द्रागिरी/कीर्तिपुर/दक्षिणकाली
नगरपालिका, काठमाडौं ।

प्रस्तुत बिषयमा यही मिति २०७४/०७/२० गते जिल्ला समन्वय समितिका पदाधिकारी, विभिन्न नगरपालिकाका प्रमुखहरु एवं प्रमुख प्रशासकिय अधिकृत/प्रतिनिधिहरु सहितको समन्वय बैठकबाट भएको निर्णय पाना १ (एक) यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध गरिन्छ ।

(गोपाल कुमार अधिकारी)
जिल्ला समन्वय अधिकारी

# जिल्ला समन्वय समितिका पदाधिकारी, विभिन्न नगरपालिकाका प्रमुखहरु एवं प्रमुख प्रशासकिय अधिकृत/प्रतिनिधिहरु सहित मिति २०७४।०७।२० गते वसेको समन्वय वैठकको निर्णयहरू

**निर्णय नं १**

मृत जिवजन्तुको अंगहरू हाड, सिंड, खुर, प्वाख छालाको निकासी कर विगत लामो समयदेखि उपत्यकाको ३ वटै जिल्लाको संयुक्त समिति मार्फत संयुक्त रूपमा उठाउदै आईरहेकोमा **स्थानीय सरकार संचालनका सम्वन्धमा व्यवस्था गर्न वनेको ऐन, २०७४** मा उल्लेखित वस्तुको निकासी कर सम्वन्धित नगरपालीकाहरूले उठाउन पाउन गरि भै आएको व्यवस्था अनुसार अव उप्रान्त सम्वन्धित नगरपालीका क्षेत्रवाट निकासी हुने त्यस्ता मृत जिवजन्तुको अंगहरू हाड, सिंड, खुर, प्वाख छालामा नियामानुसारको कर संकलन २०७४ मंसिर १ गतेवाट सम्वन्धित नगरपालीकावाट गर्ने । यस सम्वन्धमा ३ जिल्ला समन्वय समितिको मिति २०७४।०७।१५ गतेको संयुक्त समितिको वैठकको निर्णय समेत जानकारी गराइयो ।

**निर्णय नं २**

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७४।०५।१४ च.नं ३३ (भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय, निर्माण व्यवसाय प्रवर्द्धन शाखाको प.सं ६.२/०७४/०७५ च.नं ४४ मिति २०७४।०५।०९) को परिपत्र बमोजिम "घ" वर्गको निर्माण व्यवसायी ईजाजत पत्रको दर्ता/नविकरण जि.स.स ले गर्दै आइरहेकोमा हाल जारी भएको स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११(छ)को १० मा उक्त कार्य स्थानीय तहको एकल क्षेत्राधिकारमा परेकोले आवश्यक समन्वय गरि नगरपालीकाहरूले सो कार्य प्रारम्भ गर्ने र यस कार्यका लागि नगरपालीकाहरूवाट माग भएको सहयोग र समन्वय जिल्ला समन्वय समितिवाट उपलव्ध गराउने ।

**निर्णय नं ३**

व्यक्तिले आफनो वा एकाघरका परिवारका सदस्यको नाममा रहेको जग्गा कृषि प्रयोजनका लागि वा घरटहरा निर्माणका लागि खन्न/सम्याउन परेमा सो कार्यगर्न अनुमतीका लागि पुरा गर्नु पर्ने प्रकृयाका सम्वन्धमा मिति २०७४।०७।१६ गते प्रमुख जिल्ला अधिकारीज्यूको अध्यक्षतामा निजी जग्गा व्यवस्थापन सम्वन्धमा वसेको वैठकको निर्णयको जानकारी गराइयो ।

**निर्णय नं ४**

घरजग्गा रजिष्ट्रेशन वापतको रकम मध्ये स्थानीय तहले प्राप्त गर्ने रकम सम्वन्धित मालपोत कार्यालयवाट विवरण सहित सम्वन्धित नगरपालीकाहरुमा पठाउनु पर्नेमा यस जिल्लामा रहेका मालपोत कार्यालयहरुको क्षेत्राधिकार एक भन्दा वढी नगरपालीका पर्ने भएकोले नगरपालीकाले प्राप्त गर्ने उल्लेखित रजिष्ट्रेशन वापतको रकम हिसाव गरि बांडफाड गर्न केहि असहज परेको कुरालाई मध्यनजर गरि रजिष्ट्रेशन वापतको रकम हिसाव गरि बांडफाड गर्न आवश्यक सहयोगका लागि नगरपालिकाहरुवाट अनुरोध भै आएमा जिल्ला समन्वय समितिवाट आवश्यक सहजीकरण गरिदिने ।

**निर्णय नं ५**

जिल्ला कर्मचारी व्यवस्थापन समितिवाट यस जिल्ला अन्तर्गतका विभिन्न नगरपालीकाहरुमा कामकाज गर्नका खटाइएको हुदां अधिकांश कर्मचारीहरु अझसम्म नगरपालिकामा नगुगेकोले स्थानीय तहमा कामकाज गर्न कठीनाइ भएकाहुदां यथासिध्र कर्मचारीहरु हाजीर हुन जाने वातावरण बनाई दिन जिल्ला समन्वय समितिले सम्वन्धित निकायहरुमा आवश्यक पहल गरिदिई नगरपालिकाहरुमा कर्मचारी अभाव नहुने प्रवन्ध मिलाउन सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं ६**

निजी आवास पुर्ननिर्माणका लागि जिल्ला समन्वय समितिवाट नगरपालिकाहरुमा पठाइएको प्रथम, दोश्रो र तेस्रो किस्ता रकम र निजी आवस निर्माणको प्रगति समिक्षा गरियो ।

..